नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११९८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

कोभिड-१९ को महामारीको समयमा चार्टर्ड लगायत अन्य अन्तर्राष्ट्रिय हवाई उडानमा भाडा महंगो भएको सम्बन्धमा प्राप्त गुनासोहरु उपर छानविन गर्न मिति २०७८।०३।०७ गते गठित हवाई भाडा छानविन समितिका संयोजक एवं नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक श्री राजन पोखरेलले आज मिति २०७८ भाद्र १६ गतेका दिन समितिको तर्फबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री यादव प्रसाद कोइरालाज्यू समक्ष समितिले तयार पारेको छानविन प्रतिवेदन बुझाउनुभयो ।

समितिलाई हवाई भाडा महंगो भएको सम्बन्धमा कूल २५ वटा उजुरीहरु प्राप्त भएका थिए । जसमध्ये कतार एयरवेजको चार्टर उडानसंग सम्वन्धित १६ वटा, टर्किस एयरलाइन्सको ७ वटा र हिमालयन एयरलाइन्ससंग सम्बन्धित २ वटा उजुरीहरु थिए । प्राप्त उजुरीहरुमध्ये कतार एयरवेजको उडानसंग सम्बन्धित ९ वटा टिकटमा निर्धारित भन्दा बढी भाडा लिएको, टर्किस एयरलाइन्सको उडानको २ वटा टिकटमा र हिमालयन एयरलाइन्सको २ वटा टिकटमा निर्धारितभन्दा बढी भाडा लिएको पाइयो । यस कार्यमा संलग्नहरु उपर थप विस्तृत अनुसन्धान एवं कार्वाहीका लागि सम्वन्धित नियामक निकायमा सिफारिस गर्नुपर्ने भन्ने सुझाव सहितको प्रतिवेदन प्राप्त भएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

मितिः २०७८।०५।१६

०७८।५।१६
तारानाथ अधिकारी
सहसचिव एवम् प्रवक्ता